# संघीय संसद
# संसदीय सुनुवाई समितिको
# **सूचना**

नेपाल सरकार(मन्त्रीपरिषद्) को मिति २०७६/११/१८ को निर्णयानुसार जनवादी गणतन्त्र चीनका लागि आवासीय एवं प्रजातान्त्रिक जनगणतन्त्र कोरिया र मंगोलियाका लागि गैरआवासीय राजदुत पदमा श्री महेन्द्रबहादुर पाण्डेलाई नियुक्तिका लागि प्रस्ताव गरिएको र संसदीय सुनुवाईका लागि मिति २०७६/११/२२ गते समितिसमक्ष पत्र प्राप्त हुन आएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन/प्रसारण गरिएको छ । उक्त पदमा उहाँलाई नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा स्पष्ट आधार एवं सबुत प्रमाण सहित मिति २०७६ चैत ०८ गते कार्यालय समय भित्र यस समिति समक्ष निम्न माध्यम मार्फत वा सोझै समितिमा आई सूचना वा उजुरी दिन सकिने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ । यस्तो सूचना दिने सूचनादाताले आफ्नो नाम थर, वतन स्पष्ट रुपमा खुलाउनु पर्ने र निजले चाहेमा सूचनादाताको नाम गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ । साथै सतहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले यस सूचनालाई जिल्ला प्रशासन कार्यालय लगायत सम्भव भएसम्म अन्य सरकारी कार्यालय एवं सार्वजनिक स्थलहरुमा टाँस्ने व्यवस्था गरिदिनु हुन र यस सम्बन्धी कुनै सूचना वा उजुरी प्राप्त हुन आएमा मिति २०७६ चैत ०८ गते कार्यालय समय भित्र यस समितिमा आइपुग्ने गरी पठाइदिनु हुन समेत अनुरोध छ ।

**सूचना दिने ठेगानाः**

संसदीय सुनुवाई समिति,
संघीय संसद सचिवालय, सिंहदरवार ।
फोन नं./ फ्याक्स: ०१-४२००२७७
ईमेलः *parl_hearing@parliament.gov.np*